# गैरआवासीय नेपाली संघको विधान २००३
# प्रस्तावित विधान २०१८

| दफा / उपदफा | साविकको विधान २०१७ मा व्यवस्था | संशोधित प्रस्ताव | संशोधनका कारण तथा सुझाव |
|---|---|---|---|
| १३.७ | अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधि चयन गर्नेछ । एक हजार सम्म पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक दश जना पञ्जिकृत सदस्य बराबर एक जना प्रतिनिधि (१०:१ को अनुपात) चयन गर्नेछ । एक हजार भन्दा बढी पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ४०:१, ८०:१, १२०:१ संख्याको अनुपातमा (अनुसूची ६ मा दिईए बमोजिम) थप प्रतिनिधिहरु चयन गर्ने छ । | अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधि चयन गर्नेछ । एक हजार सम्म पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक पन्ध्र जना पञ्जिकृत सदस्य बराबर एक जना प्रतिनिधि (१५:१ को अनुपात) चयन गर्नेछ । एक हजार भन्दा बढी पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ५०:१, १००:१, २००:१, ३००:१, ४००:१, ५००:१ संख्याको अनुपातमा (अनुसूची ६ मा दिईए बमोजिम) थप प्रतिनिधिहरु चयन गर्ने छ ।<br>अन्तर्राट्रिय महाधिवेशन प्रतिनिधी मध्ये ५० प्रतिशत अनुसुची ७ मा दिईए अनुसारको प्रथामिकताको आधारमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पुर्व पदाधिकारी तथा बिभिन्न समितिमा रहेका व्यक्तीहरुलाई चयन गर्ने छ । बांकि ५० प्रतिशत प्रतिनिधि पञ्जिकृत सदस्यहरुबाट छनोट गर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिमा छनोट हुनका लागि कम्तिमा दुई वर्ष संघको पञ्जिकृत सदस्य रहेको हुनु पर्नेछ । प्रतिनिधिको नामावाली अन्तर्राष्ट्रिय महाधिवेशन हुनुभन्दा १ महिना पहिले संघको सचिवालयमा उपलब्ध गराउनु पर्नेछ । | निर्वाचनलाई व्यवस्थित र सहज बनाउनको लागि । एनआरएनको मर्म बुझेका प्रतिनिधिहरुको छनोटको लागि ।<br><br>करीब ७५ प्रतिशत एनसिसिहरुका पञ्जिकृत सदस्यहरुको संख्या १००० भन्दा कम भएकोले यस्ता एनसिसिका प्रतिनिधिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न तथा धेरै साख्यामा पञ्जिकृत सदस्य हुने एनसिसिको मात्र निर्वाचनमा प्रभाव नहोस भन्नका लागि ।<br><br>प्रतिनिधिको तथ्यांक व्यवस्थापन गर्न सजिलो हुने तथा निर्वाचनलाई प्रभाव पार्ने गरी प्रतिनिधिहरुको नाम फेरबदल गर्ने संभावना कम हुने भएकोले । |
| १७.२. | अन्तर्राष्ट्रिय समन्वय परिषद्मा निम्न पदहरु हुने छन् : | अन्तर्राष्ट्रिय समन्वय परिषद्मा निम्न पदहरु हुने छन् : | भिजन २०२० को सुझाव अनुसार समय सापेक्ष अनुसार संघको नेतृत्वको क्रमिक विकास गर्न |

| | | | |
|---|---|---|---|
| | अध्यक्ष - १<br>उपाध्यक्ष - ५ जना<br>१ महिला सहित<br>महासचिव - १<br>सचिव - २<br>(दुई सचिवहरुको कार्य क्षेत्र छुट्याइने)<br>कोषाध्यक्ष - १<br>सहकोषाध्यक्ष - १<br>विधानको दफा १७.१० बमोजिम<br>मनोनित प्रवक्ता - १<br>महिला संयोजक - १<br>युवा संयोजक - १<br>क्षेत्रिय संयोजक - ६<br>क्षेत्रिय उपसंयोजक - ६ (कम्तिमा)<br>क्षेत्रिय महिला संयोजक - ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा संयोजक - ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सदस्यहरु ।<br>विधानको दफा २२.१४.१ बमोजिम<br>मनोनित सदस्यहरु - २१<br>एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन् । राष्ट्रिय समन्वय परिषद्हरुको संख्या १० सम्म भएमा १ जना, १० जना भन्दा बढी २० सम्म भएमा थप १ जना आदिको क्रमले वा पञ्जिकृत सदस्य संख्या १५ हजार सम्म भएमा प्रत्येक १५ हजार सदस्य | अध्यक्ष - १<br>बरिष्ठ उपाध्यक्ष - १<br>बैदेशिक रोजगार उपाध्यक्ष - १ जना<br>व्यापार तथा लगानी उपाध्यक्ष - १ जना<br>मानव कल्याण उपाध्यक्ष - १ जना<br>ज्ञान, सीप र नवप्रवर्तन उपाध्यक्ष - १ जना<br>संगठन - उपाध्यक्ष -महिला) - १ जना<br>महासचिव - १<br>सचिव - २<br>(दुई सचिवहरुको कार्य क्षेत्र छुट्याइने)<br>कोषाध्यक्ष - १<br>सहकोषाध्यक्ष - १<br>विधानको दफा १७.१० बमोजिम<br>मनोनित प्रवक्ता - १<br>महिला संयोजक - १<br>युवा संयोजक - १<br>क्षेत्रिय संयोजक - ६<br>क्षेत्रिय उपसंयोजक - ६ (कम्तिमा)<br>क्षेत्रिय महिला संयोजक - ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा संयोजक - ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सदस्यहरु ।<br>विधानको दफा २२.१४.१ बमोजिम<br>मनोनित सदस्यहरु - २१<br>एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन् । राष्ट्रिय समन्वय | वाञ्छनिय देखिएकोले ।<br><br>अध्यक्षलाई सरकार तथा विभिन्न संघसंस्थामा प्रतिनिधित्व गर्नु पर्ने भएकोले मेगा प्रोजेक्ट तथा सांगठनिक विषयमा अध्यक्षलाई सहयोग गर्ने एक बरिष्ठ उपाध्यक्षको व्यवस्था गर्नु पर्ने भएकोले ।<br><br>बरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुन पाउने व्यवस्था नगरिएको । |

| | | | |
|---|---|---|---|
| | बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुने छ । पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमबद्धता अनुसार हुनेछ । | परिषद्हरुको संख्या १० सम्म भएमा १ जना, १० जना भन्दा बढी २० सम्म भएमा थप १ जना आदिको क्रमले वा पञ्जिकृत सदस्य संख्या १५ हजार सम्म भएमा प्रत्येक १५ हजार सदस्य बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुने छ । पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमबद्धता अनुसार हुनेछ । | |
| १७.५ | **अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष, पदाधिकारी र सदस्यहरुको उम्मेदवार बन्न चाहिने योग्यता र हैसियतः** | | |
| | थप गर्नु पर्ने | १७.५.२ बरिष्ठ उपाध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ । | बरिष्ठ उपाध्यक्षको योग्यता अन्य उपाध्यक्ष भन्दा फरक गर्नु पर्ने भएकोले । |
| | अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ । | १७.५.३ अध्यक्ष र बरिष्ठ उपाध्यक्ष बाहेकका अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका अन्य पदाधिकारीहरुका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ | उपाध्यक्षहरुको निर्वाचन लड्न कुनै योग्यता र मापदण्ड नतोक्दा सम्बन्धित विषयमा अनुभव वा विशेषज्ञता नभएका व्यक्तिहरु पनि निर्वाचित हुने सम्भावना रहन्छ र उनीहरुबाट हुने नेतृत्व प्रभावकारी नहुन सक्ने भएकोले । |
| २१.१ | देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचन हुनु भन्दा कम्तिमा तीन महिना पहिले एक जना निर्वाचन आयुक्त सहित बढिमा सातजना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्ने छ । निर्वाचनको कार्य सम्पादन “निर्वाचन सम्बन्धि नियमावली” मा उल्लेख भए बमोजिम हुनेछ । | देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचन हुनु भन्दा कम्तिमा ६ महिना पहिले एक जना निर्वाचन आयुक्त सहित बढिमा सातजना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्ने छ । निर्वाचनको कार्य सम्पादन “निर्वाचन सम्बन्धि नियमावली” मा उल्लेख भए बमोजिम हुनेछ । यस समितिले राष्ट्रिय समन्वय परिषदको निर्वाचन तथा अन्तर्राष्ट्रिय | निर्वाचन समितिलाई स्थायी प्रकृतीको बनाई एनसिसिको निर्वाचनको पनि परिवेक्षण गर्नु पर्ने भएकोले ।<br>निर्वाचन बढी प्रभावकारी र निष्पक्ष हुनका साथै डेटाहरुको सूचना चुहावट नहुने । |

| | | | |
|---|---|---|---|
| | | महाधिवेशनको लागि प्रतिनिधि छनोट प्रकृयामा समेत निरिक्षण गर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरुको तथ्यांक व्यवस्था गर्न निर्वाचन समितिले एक स्वतन्त्र प्राविधिक टोली नियुक्त गर्ने छ । यस टोलिमा संघको सचिवालयका कर्मचारीहरु वा संभावित उम्मेद्वारहरु समावेश हुन पाउने छैनन् । | |
| २१.७ | थप गर्नु पर्ने | अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधी छनोटको प्रकृया शुरु भए पछि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनमा प्रभाव पार्ने गरी कुनै नियमावलीहरु परिवर्तन गर्न पाईने छैन । | |
| २१.८ | थप गर्नु पर्ने | अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनको मुल्यांकनको लागि संघका पूर्व अध्यक्षहरु, विधान समिति र अनुशासन समितिका संयोजक वा प्रतिनिधि, स्वतन्त्र व्यक्ति रहने गरी निर्वाचन अनुगमन समिति गठन गर्ने छ । | |
| २२.२. | उपाध्यक्ष : ५ उपाध्यक्षहरुले निम्न विषयहरु मध्ये एक वा एकभन्दा बढी विषयको नेतृत्व गर्नेः<br>क) यस विधानको दफा २० को उपदफा ६ मा व्यवस्था भएको एनआरएनए पोलिसि इन्स्टीच्युट (Policy and Institute)<br>ख) : व्यपार तथा लगानी ।<br>ग) : सीप, ज्ञान र नवप्रवर्तन (Skill, Knowledge and Innovation)<br>घ) : वैदेशिक रोजगार<br>ङ) : महिला<br>च) : परोपकारी तथा मानवकल्याणकारी हित । | ५ जना उपाध्यक्षहरुले निम्न ५ विभागको नेतृत्व गर्ने छन् ।<br>वैदेशिक रोजगार विभाग<br>व्यापार तथा लगानी विभाग<br>मानवकल्याण विभाग<br>ज्ञान सिप र नवप्रवर्तन विभाग<br>सांगठनिक तथा प्रशासन विभाग<br>अन्तर्राष्ट्रिय समन्वय परिषदकका सदस्यहरु आफ्नो दक्षता अनुसार विभागका सदस्यहरु हुनेछन । विभाग अन्तर्गत विभिन्न समिति वा उपसमिति बन्ने छन् ।<br>प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्टिय महाधिवेशन र विश्व सम्मेलनको मिति भन्दा बढीमा ३ महिना र | संघका मुख्य गतिविधिहरु यीनै विभागको सेरोफेरोमा संचालन हुने भएको हुदा विभागको निर्माण गर्न आवश्यक देखिएको हुनाले । |

| | | | |
|---|---|---|---|
| | | कम्तिमा ४५ दिन बांकी रहने गरी राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै दफा १७.३ अनुसारको अनतर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ । | |
| २४.१. | प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति भन्दा बढीमा ६ महिना र कम्तिमा एक महिना बाँकी रहने गरी राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ । | प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति भन्दा बढीमा ३ महिना र कम्तिमा ४५ दिन बाँकी रहने गरी राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ । | एनसिसिले आफ्नो निर्वाचन सहितिको महाधिवेशन विश्व सम्मेलन भन्दा कम्तिमा ४५ दिन (हाल ३० दिन वा १ महिनाको व्यवस्था भएको) र बढिमा ३ महिना पहिला गर्ने (हाल ६ महिनाको व्यवस्था भएको) । यस्तो व्यवस्था गर्दा १ महिना पहिले प्रतिनिधिहरु पठाउन सजिलो हुनेछ भने तथा निर्वाचनको चहल पहलको अवधी पनि कम हुने सम्भावना भएकोले । |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| अनुसूची ६ | **पंजिकृत सदस्य प्रतिनिधि संख्या**<br>१,००० १००<br>२,००० १२५<br>३,००० १३८<br>४,००० १४६<br>५,००० १५२<br>१०,००० १७१<br>१५,००० १८१<br>२०,००० १८९<br>३०००० १९९<br>४०००० २०६ | **अनुसूची ६**<br>**पंजिकृत सदस्य प्रतिनिधि संख्या अनुपात**<br>१००० ६७ १५ : १<br>२००० ८७ ५० : १<br>३००० ९७ १०० : १<br>४००० १०२ २०० : १<br>५००० १०५ ३०० : १<br>६००० १०८ ४०० : १<br>७००० ११० ५०० : १<br>८००० १११ ६०० : १<br>९००० ११३ ७०० : १<br>१०,००० ११४ ८०० : १<br>१५,००० ११८ १३०० : १<br>२०,००० १२२ १८०० : १ | |
| ७ | थप्नु पर्ने | निम्न प्राथमिकताको आधारमा अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको निधार्रित ५० प्रतिशतको संख्या चयन गर्ने । तर यसरी छानिने प्रतिनिधिको | |

| | | | |
|---|---|---|---|
| | | गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनु पर्ने छ ।<br>१. अन्तर्राष्ट्रिय समन्वय परिषद्का बहालबाला संरक्षक तथा सल्लहकारहरु ।<br>२. राष्ट्रिय महाधिवेशनबाट चुनिएका अन्तर्राष्ट्रिय समन्वय परिषद्का नवनिर्वा्चित सदस्यहरु<br>३. राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारी तथा सदस्यहरु ।<br>४. अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी, सदस्य, संरक्षक तथा सल्लाहकारहरु ।<br>५ राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु ।<br>६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न समिति, उपसमिति तथा कार्यदलका बहालबाला संयोजक तथा सदस्यहरु ।<br>७ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न समिति, उपसमिति तथा कार्यदलका पूर्व संयोजकहरु ।<br>यस्ता प्रतिनिधिको संख्या ५० प्रतिशत भन्दा बढी भएका प्राथमिकतामा नपरेका प्रतिनिधिहरु अन्य पञ्जिकृत सदस्य सरह प्रतिनिधिको रुपमा चुनिने छन् । यस्ता प्रतिनिधिको संख्या ५० प्रतिशत भन्दा बढी भएका यी प्रतिनिधिको कोटा खाली रहने छ । विधानको दफा १३.६ अनुसार बहालबाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु स्वतः प्रतिनिधिमा छानिनेछन् । | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| **संशोधन प्रस्ताव :** | | | |
| ९.२ | पञ्जिकृत सदस्यता शुल्क मध्यपूर्व, मलेसिया र अफ्रिकाकोलागि ३ अमेरिकी डलर र अन्य मुलुकको ५ अमेरिकी डलर हुनेछ । पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोषमा जम्मा गरिनेछ । | पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम हुने छ । पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोषमा सदस्यता जारी गरेको मितिले ३० दिन भित्रमा सम्बन्धित राष्ट्रिय समन्वय परिषदले जम्मा गरिसक्नु पर्ने छ । | पन्जिकृत सदस्यता शुल्क आइसिसिले समय सापेक्ष तोक्दा व्यवहारिक हुने भएकोले ।<br><br>पदाधिकारी बैठकको सुझाव । |
| १२ | **क्षेत्रीय सम्मेलन :** कुनै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको वस्तुस्थितिलाई राम्रोसंग बुझ्न र गैरआवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ । क्षेत्रीय सम्मेलन प्रत्येक दुई वर्षमा एक पटक विश्व सम्मेलन सम्पन्न नभएको वर्ष आयोजना गरिनेछ । | **विज्ञ, लगानी, विषयगत सम्मेलन तथा क्षेत्रीय बैठक** : विश्वका विभिन्न मुलुकहरुमा नेपालीहरुले आर्जेको विभन्न सीप, ज्ञान, प्रविधि तथा कौशल एवं अनुभवलाइ नेपालको समृद्धिमा उपयोग गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नेपाल भित्र वा बाहिर एक विज्ञ सम्मेलनको आयोजना गर्न सक्ने छ । साथै नेपालको सामाजिक आर्थिक क्षेत्रमा टेवा पुऱ्याउनको लागि लगानी तथा अन्य विषयगत सम्मेलन गर्न सक्ने छ ।<br>विज्ञ सम्मेलन प्रत्येक २ वर्षमा एक पटक विश्व सम्मेलन नभएको वर्ष आयोजना गरिने छ । अन्य सम्मेलन आवश्यकता अनुसार आइसिसिको निर्णय बमोजिम गरिने छ ।<br><br>१२.१ क्षेत्रीय बैठक : कुनै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको सरोकारको विषयमा विस्तृत छलफल | पहिलेको विधानमा प्रावधान रहेको क्षेत्रीय सम्मेलन लाई हटाएर भेला तथा बैठक भनेर संशोधन गरिएको ।<br><br>आवश्यक्ता र औचित्यतालाई ध्यानमा राखी समय अनुकूल परिवर्तन गरिएको ।<br><br>पदाधिकारी बैठकको सुझाव । |

| | | | |
|---|---|---|---|
| | | गर्न र गैरआवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रबर्द्धन गर्नका लागि सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्शमा संसारका विभिन्न भागहरुमा क्षेत्रीय बैठकको आयोजना गर्न सक्ने छ ।<br><br>क्षेत्रीय बैठक प्रत्येक २ वर्षमा एक पटक आयोजना गर्न सकिने छ । | |
| १५. | **संघको विशेष महाधिवेशन :** अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको तीन महिनाभित्र विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय अनुसार ५ उपाध्यक्ष मध्ये एक जनाले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष अन्तराष्ट्रिय महाधिवेशनमा दफा १३.७ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण बहुमत सदस्यहरुले विशेष महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औंलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ । | **संघको विशेष महाधिवेशन** : अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको कम्तिमा २५ प्रतिशत सदस्यले लिखित सूचना दिएमा **वा** अन्तर्राष्ट्रिय समन्वय परिषद्को २ तिहाइ बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको तीन महिनाभित्र विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का बरिष्ठ उपाध्यक्षले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनमा दफा १३.७ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण बहुमत सदस्यहरुले विशेष महाधिवेशनको माग गर्दा | बहुमत पुर्याएर आफ्नो आवश्यक्ता अनुसार विशेष निर्णय गराउन संघका पदाधिकारीहरुलाई निरुत्साहित गरी संघकै आवश्यक्ता भएको अवस्थामा मात्र विशेष साधरणसभा गराउनु पर्ने देखिएकोले । |

| | | | |
|---|---|---|---|
| | | दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ । | |
| २०.२ | सचिवालयमा एक जना प्रमुख कार्यकारी अधिकृतका अलावा संचार तथा प्रकाशन अधिकृत, एक जना लेखा अधिकृत, आवश्यक संख्यामा अन्य कर्मचारी तथा विशेषज्ञहरु प्रमुख कार्यकारी अधिकृतको सल्लाहमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नियुक्ति गर्ने छ । | सचिवालयमा एक जना प्रमुख कार्यकारी अधिकृतका अलावा अधिकृत स्तरका कर्मचारीहरु, आवश्यक संख्यामा अन्य कर्मचारी तथा विशेषज्ञहरु आवश्यक्ता र औचित्यको आधारमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले नियुक्ति गर्न सक्नेछ । | भाषा तथा प्रकृया मिलाई शंसोधन गरिएको ।<br><br>पदाधिकारीको बैठकको सुझाव |
| २१.५. | संघको विधानको दफा २१.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा ५ जना उपाध्यक्ष मध्येबाट हुनेछ । | संघको विधानको दफा २१.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा बरिष्ठ उपाध्यक्ष बांकी अवधिको लागि स्वतः अध्यक्ष हुनेछन् ।<br>महासचिवको हकमा निर्वाचनमा अधिक मत ल्याएका सचिव स्वतः बांकी अवधिको लागि महासचिवमा नियुक्त हुने छन् । अन्य पदाधिकारीको हकमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम हुने छ । | बरिष्ठ उपाध्यक्ष अध्यक्ष पछि दोश्रो बरियतामा पर्ने हुदा स्वतः अध्यक्ष हुने व्यवस्था मिलाइएको हो ।<br><br>अहिलेको विधानमा प्रावधान रहेको यस दफालाइ अझ प्रष्ट बनाउन ।<br><br>पदाधिकारी बैठकको सुझाव । |
| | हाल व्यवस्था नभएको । | **मानार्थ परिषद् सदस्य** : गैरआवासीय नेपाली संघको अभियानमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मानार्थ परिषद् सदस्यको रुपमा नियुक्ति गर्न सक्ने छ । मानार्थ परिषद्को सदस्य संख्या बढीमा ५१ जनाको हुने छ ।<br>**मानार्थ परिषद् सदस्यको अधिकार :**<br>१ गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।<br>२ गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु | नयां व्यवस्था गर्नु पर्ने अवस्था आइसिसिले नयां व्यवस्था गर्नु पर्ने अवस्था आइसिसिले महशुश गरेको ।<br><br>पदाधिकारी बैठकको सुझाव । |

| | | | |
|---|---|---|---|
| | | प्राप्त गर्न पाउने ।<br>३ अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सक्रिय र जिवन्त बनाइ राख्न संरक्षक परिषद्ले लिएका पहल कदमीमा सक्रियतापूर्वक सहयोग गर्ने ।<br><br>**संरक्षक परिषद्को काम कर्तव्य :**<br>१ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।<br>२ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने ।<br>३ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि संघको प्रतिनिधित्व गर्ने ।<br>४ संघले तोकेका अन्य कामहरु गर्ने । | |
| | | | |
| ३०. | **निष्काशनः** अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजीनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजीनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैंठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा तीस दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस दफाको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक अनुशासन समितिको गठन गर्न सक्नेछ । | यस दफलाइ दफा २५ भन्दा तल पद रिक्त हुने अवस्था अन्तर्गत राख्ने । यसको दफा २६ हुने छ सोही बमोज अरु दफाहरु परिवर्तन हुने छन् ।<br>**दफा २६ पद रिक्त हुने अवस्थाः**<br>१ मृत्यु भएमा ।<br>२ मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा<br>३ दफा २६.१ बमोजिम निष्काशन भएमा ।<br>२६.१ निष्काशन : अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजीनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजीनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नु पूर्व | पद रिक्त हुने अवस्था पनि किटाण गर्नु पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | निजले गरेको आचरणको बारेमा तीस दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस दफाको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले एक अनुशासन समितिको गठन गर्न सक्नेछ । | |
| २९.३ | आवश्यक परेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले एक विधान सभाको आयोजना गर्न सक्नेछ । उक्त विधानसभाले यस विधानको संशोधन प्रस्ताव तयार गर्ने छ । विधानसभामा अन्तर्राष्ट्रिय समन्वय परिषदका तत्कालिन, निवर्तमान र संस्थापक पदाधिकारीहरु, सदस्यहरु, सल्लाहकारहरु, संरक्षकहरु, हरेक राष्ट्रिय समन्वय परिषदका अध्यक्ष वा निजले त्यस देशबाट तोकेको एक प्रतिनिधी, बिभिन्न समितिका संयोजकहरु र अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य १० जना विज्ञ (गैरआवासीय नेपालीहरुबाट) हरुले प्रतिनिधीको रुपमा विधानसभामा भाग लिन पाउनेछन । उक्त विधानसभामा ५० प्रतिशत भन्दा बढी प्रतिनिधीहरुको उपस्थित हुन पर्नेछ र उपस्थित प्रतिनिधीहरुको दुई तिहाईको बहुमतले विधान संशोधन प्रस्ताव तयार गर्ने छ । विधानसभाबाट प्रस्तावित विधान संशोधन प्रस्ताव अन्तर्राष्ट्रिय महाधिवेशनले पारित गर्ने छ । | हटाइएको । | यस दफाको बैधानिक औचित्यता नदेखिएकोले । |
| २२.८ | **थप गर्ने** | आवश्यक्ता अनुसार युवा समिति गठन गरी युवा संग सम्बन्धित काममा परिचालन गर्ने । | युवाहरुलाई थप उर्जा प्रदान गर्नको लागि । |
| | **थप गर्ने** दफा ९.२ पछि एक उपधारा थपी त्यस भन्दा तलका उपधारालाइ सोही बमोजिम राख्ने । | मानार्थ सदस्यता शुल्क आइसिसिले तोक्ने छ । | आर्थिक सबलीकरण गर्नु पर्ने भएकोले । |

| छलफलका लागि आएका थप सुझावहरु : | | | |
|---|---|---|---|
| | **थप गर्ने** | निवर्तमान अध्यक्ष पनि आइसिसिको कार्यकारी समितिमा उचित मर्यादा क्रम सहित रहनु पर्ने ।<br>मर्यादाक्रम : अध्यक्ष पछि हुने । | नयां सुझाव |
| १७.१४ | अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि दुई वर्षको हुनेछ । | अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि ३ वर्षको हुनेछ ।<br>**छलफल गर्नु पर्ने विषय :**<br>३ वर्ष बनाउने की नबनाउने ।<br>कहिले देखी लागू हुने । | छलफलको लागि यो विषय राख्न अनुरोध भए बमोजिम । |
| | **थप गर्ने** | **आवद्ध (भु.पू) सदस्य:**<br>गैरआवासीय नेपाली संघको सदस्य भई नेपाल फर्किएका बिधानको धारा ७.२ अनुसारको सदस्य रहि कम्तिमा १ कार्यकाल पुरा गरेको इच्छुक एन.आर.एन.ले स्वदेश फिर्ति पछि पनि संस्थामा आवद्ध रहन चाहेमा आबद्ध सदस्यता लिन सक्नेछन् । यसप्रकारको सदस्यतालाई कुनैपनि मताधिकारको अधिकार रहने छैन । | छलफलको लागि यो विषय राख्न अनुरोध भए बमोजिम । |

**सिफारिस**

| | | |
|---|---|---|
| रिजोलुसन बरिष्ठ अधिवक्ता मार्फत विधानको कानुनी प्रक्रिया पुऱ्याई लेखन गर्ने । | | अहिलेको विधानमा प्रयोग भएका शब्दहरु कानुनी भन्दा व्यहारीक रुपमा प्रयोग गरिएको हुनाले |
| नयां प्रावधान आगामी कार्य समिति देखी नै लागु गर्नु बान्छनीय देखिएकोले विशेष महाधिवेशन बोलाइ विधान संशोधन गर्नु पर्ने । | | |